# त्रिशुली जलविद्युत कम्पनी लिमिटेड
## बनस्थली, काठमाडौं

### प्रेस विज्ञप्ती

मिति २०७४।१०।२९, तद अनुसार १२ फेब्रुअरी २०१८ मा त्रिशुली जलविद्युत कम्पनी लिमिटेड तथा चिनको Sichuan ANHE Hydraulic and Hydroelectric Engineering Co. Ltd. का बीच ३७ मेगावाट क्षमताको माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना निर्माणका लागि खरिद सम्झौतामा हस्ताक्षर भएको छ । सम्झौतामा कम्पनीका तर्फवाट प्रवन्ध संचालक श्री मोहन प्रसाद गौतम तथा निर्माण व्यवसायी Sichuan ANHE का तर्फवाट काठमाडौं कार्यालयकी प्रमुख श्री Cao Shengping ले हस्ताक्षर गर्नु भएको छ । सम्झौता अनुसार Sichuan ANHE ले आयोजनाको प्रसारण लाइन बाहेक सिभिल, इलेक्ट्रोमेकानिकल तथा हाइड्रोमेकानिकल तर्फको सम्पूर्ण संरचनाको निर्माण तथा मेशिनरी आपूर्ति र जडान गर्ने कार्य गर्नेछ । आयोजना निर्माणको सम्झौता रकम (Contract Price) मूल्य अभिबृद्धि कर सहित अमेरिकी डलर ३,१८,४७,८३८।६२ तथा नेपाली रुपैयाँ १,९१,४६,१९,४७२।७३ रहेको छ । Engineering, Procurement and Construction पद्धतिवाट निर्माण हुने यस आयोजनाको निर्माण अवधि ३ बर्ष रहेको छ ।

नेपाल विद्युत प्राधिकरणद्वारा निर्माणाधिन माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजनाको क्यासकेड आयोजनाको रुपमा संचालन हुने यस आयोजनाले सुख्खा याममा १३४.८८ गिगावाट घण्टा तथा बर्षा याममा १५७.७० गिगावाट घण्टा गरी बार्षिक कूल २९२.५८ गिगावाट घण्टा विद्युत उत्पादन गर्नेछ । आयोजनावाट उत्पादित बिद्युत बिक्रिको लागि कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच २०७४ भाद्र ६ गते विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता (Power Purchase Agreement) सम्पन्न भै सकेको छ ।

Scanned by CamScanner